तोसिमा सिटीमा बसोबास गर्ने विदेशी नागरिकका लागि

# घरपालुवा कुकुर र बिरालोका लागि नियम



कुकुर र बिरालो जस्ता घरपालुवा जनावर पाल्न जापानमा विभिन्न किसिमका नियमहरू छन् । कृपया ती नियमहरूको पालना गर्नुहोस् ।

## कुकुर



**तपाईंले आफ्नो कुकुरको दर्ता गर्नुपर्ने छ** (A र B मा देखाइएको विधि अपनाएर दर्ता गर्नुहोस् ।)

### 【A】 माइक्रोचिप गरिएका कुकुरहरू

तपाईंको स्मार्टफोनबाट दर्ता गर्नुहोस् ।

¥400

माइक्रोचिप गरिएका मात्रै स्वीकार्य हुने छन् ।

MoE दर्ता वेबसाइट

### 【B】 माइक्रोचिप नगरिएका

इकेबुकुरो सामुदायिक स्वास्थ्य केन्द्रमा दर्ता गर्नुहोस् । ¥3,000

दर्ता प्रक्रियापछि ट्याग दिइनेछ । ट्याग तपाईंको कुकुरको घाँटीमा झुण्ड्याइदिनुहोस् ।




यदी तपाईं तोसिमा सिटीबाट बसाइँसराइँ गर्नुभयो भने बसाइँ सरेको नयाँ शहरमा दर्ता गर्नु पर्ने हुन्छ ।

### घरपालुवा जनावरका लागि दैनिक नियमहरू

| | | | |
|---|---|---|---|
| एक वर्षमा एक पटक | (1) पशु चिकित्सक कहाँ लगेर रेबिज खोप लगाउनुहोस् ।  | (2) इकेबुकुरो पब्लिक स्वास्थ्य केन्द्रमा जानुहोस् । (कुकुर लैजान पर्दैन ।) के लैजानुपर्छ ? ・पशु चिकित्सकले खोप लगाएको सर्टिफिकेट ・¥550 भ्याक्सिन ट्याग | (3) भ्याक्सिन ट्याग लिनुहोस् । ¥550 घाँटीमा झुण्ड्याउने ।   |
| दैनिक | दिसा संकलन गरी घरमै ल्याएर व्यवस्थापन गर्नुहोस् । पिसाबलाई पानी हालेर बगाइदिनुहोस् ।  | कुकुरलाई खुला रूपमा दौडिन दिन अनुमति छैन ।  | भुक्ने कुकुरलाई सम्हाल्नुहोस् । राम्रोसँग तालिम दिनुहोस् ।  |

जब तपाईंको कुकुर बाहिर निकाल्नुहुन्छ:
- घाँटीमा भ्याक्सिन ट्याग हुनुपर्नेछ ।
- घाँटीमा बेल्ट हुनुपर्नेछ ।
- दिसा संकलन गर्ने भाँडो हुनुपर्ने छ । पिसाब बगाउन पानी पनि बोक्नुहोस् ।




## बिरालो



बिरालो पाल्न दर्ता गर्नुपर्ने छैन ।





### बिरालो पाल्ने महानुभावहरूका लागि दैनिक नियमहरू

(1) तपाईंको बिरालोलाई घरभित्रै राख्नुहोस् ।

(2) घाँटीमा ट्याग झुण्ड्याइदिनुहोस् । पशुचिकित्सक कहाँ लगेर माइक्रोचिप लगाइदिनुहोस् ।

(3) बिरालोहरू प्रजननशील हुन्छन् । यदि तपाईंलाई बिरालोका बच्चाहरू चाहिँदैन भने बन्ध्याकरण गरिदिनुहोस् ।

घरपालुवा जनावरका लागि आइपर्ने विपद् निवारणको लागि पछिल्लो भाग पढ्नुहोस् ।

प्रकाशित June 2025

तोसिमा सिटीमा बसोबास गर्ने विदेशी नागरिकका लागि

# घरपालुवा जनावरको लागि विपद् व्यवस्थापन तयारी

जापान प्राकृतिक विपत्तिको जोखिम बढी भएको देश हो । जस्तै : भूकम्प, सुनामी ।
कृपया प्राकृतिक विपत्तिबाट बच्न तलको उपाय अपनाउनुहोस् ।

## विपद् पूर्वका तयारीहरू






**आफू निस्कने योजना बनाउनुहोस्**

・निकासका लागि तोकिएको केन्द्र पत्ता लगाउनुहोस् ।

・आफ्नो घरपालुवा जनावर लिएर आफन्त वा साथीभाइ कहाँ सुरक्षित सर्ने व्यवस्था मिलाउनुहोस् ।

・घरपालुवा जनावर राख्नको लागि वैकल्पिक ठाउँ पनि व्यवस्था गर्नुहोस् ।

**घरपालुवा जनावरको लागि तयारी**

・स्वास्थ्यको सही व्यवस्थापन । जस्तै : खोपको व्यवस्था ।

・नामको ट्याग झुण्ड्याइदिनुहोस् । माइक्रोचिप लगाइदिनुहोस् ।

・तालिम दिनुहोस् । (ताकि ट्राभल केजमा उनीहरूलाई आरामले राख्न सकियोस् ।)

**आपतकालीन घरपालुवा जनावर बोक्ने झोला तयार पार्नुहोस्**

・खाना, पानी, आदि । ५ देखि ७ दिनसम्म पर्याप्त हुने गरी ।

・तपाईंको घरपालुवा जनावरलाई नियमित खुवाउने औषधिहरू ।

・सरसफाइका सामान । जस्तै पि प्याड ।

・निकास केन्द्रमा प्रयोग गर्न सकिने केज ।

## भूकम्पको धक्का! तपाईं र तपाईंको घरपालुवा जनावरले के गर्ने?

यदी मेरो घर भत्कियो भने के गर्ने ?



(1) के तपाईंको घरभित्रै बस्नु सुरक्षित छ? → होइन

तपाईंको घरपालुवा जनावरसँग घरभित्रै बस्नुहोस् ।

(2) आफ्नो घरपालुवा जनावरलाई लिएर साथी वा आफन्त कहाँ घरमा जान सक्नुहुन्छ । → होइन

घरपालुवा जनावरको लागि आपतकालीन निकास ब्याग ल्याउनुहोस् । तपाईंको घरपालुवा जनावरसँगै बाहिर निस्क्नुहोस् ।

(3) तत्कालको लागि तपाईंको घरपालुवा जनावरको हेरचाह गरिदिने साथीलाई आफ्नो घरपालुवा जनावर दिनुहोस् । → होइन

साथै आपतकालीन ब्याग पनि त्यो व्यक्तिलाई दिनुहोस् । त्यसपछि तपाईं निकास केन्द्रमा जानुहोस् ।

आपतकालीन घरपालुवा जनावर ब्याग ल्याउनुहोस् । निकास केन्द्रतर्फ आफ्नो घरपालुवा जनावरसँग जानुहोस् ।



**【निकास केन्द्र】**

प्राथमिक विद्यालय र शहरका अन्य सुविधा भएका हलहरूलाई आश्रयस्थलका रूपमा रूपान्तरण गरिनेछ । ठूलो प्रकोप आइहाल्यो भने त्यहाँबाट भाग्न सक्नुहुनेछ । निकास केन्द्रमा खाना र अन्य आपूर्तिका सामग्री लिनुहोस् । तपाईं आफ्नो घरकै निकास केन्द्रमा बसेको अवस्थामा पनि सहयोग सामग्री पाउन सक्नुहुनेछ । (नोट: निकास केन्द्रमा घरपालुवा जनावरका लागि कुनै आपूर्तिका सामग्री पाइँदैन ।) घरपालुवा जनावर र मान्छेहरूका लागि छुट्टाछुट्टै निकास केन्द्र छन् । हामी घरपालुवा जनावरका मालिकहरूलाई अन्य घरपालुवा जनावरको पनि हेरचाह तथा सहयोगका लागि अनुरोध गर्छौं ।

नोट : निकास केन्द्रले सरीसृपहरू स्वीकार गर्दैन । कृपया यिनी र अन्य विदेशी घरपालुवा जनावरहरूलाई कसरी व्यवस्थापन गर्नेबारे पहिले नै व्यवस्था गर्नुहोस् ।

【सोधपुछ】

घरपालुवा जनावरबारे, रेबिज खोप आदि.・・・जीवन तथा सामुदायिक स्वास्थ्य शाखा, सामुदायिक स्वास्थ्य केन्द्र, इकेबुकुरो 03-3987-4175 ~~(4-42-16 हिगासी-इकेबुकुरो, तोसिमा सिटी)~~

निकास केन्द्रबारे・・・・प्राकृतिक प्रकोप रोकथाम र संकट व्यवस्थापन विभाग 03-4566-2572

प्रकाशित June 2025